प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# परीक्षा नियन्त्रण कार्यालय
फोन : ६६३०३४२, ५६३९०२०, ५६३९०२१
इमेल : oce.ctevt@gmail.com
पो.ब.नं : ३५४६, काठमाण्डौ
मध्यपुर थिमी न.पा २,
सानोठिमी, भक्तपुर, नेपाल ।

पत्र संख्या : १०-२०८०/०८१
च.नं : 693

मिति : २०८०।११।१८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद
लुम्बिनी प्रदेश, बुटवल, रुपन्देही
दर्ता नं.: 2642
दर्ता मितिः २०८०।११।२०

**बिषय: रजिष्ट्रेशनको Online Entry छुटेको सम्वन्धमा ।**

**श्री परिषद्, प्रदेश कार्यालय ७ वटै ।**

उपर्युक्त सम्वन्धमा डिप्लोमा/प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८० (संशोधन सहित) अनुसार परीक्षार्थी भर्ना सम्वन्धी समयावधी २०८० मंसिर १५ गतेसम्म कायम रहनेछ भनी अनुसुचीको शैक्षिक कार्यतालिका लगायतका स्थानमा उल्लेख भएकोमा परिषद् अन्तर्गतका बिभिन्न शिक्षण संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुको तोकिएको समयावधी भित्र रजिष्ट्रेशनको ITMS मा Online Entry गर्न छुटेको भनी पत्रहरु प्राप्त भएको हुंदा विद्यार्थीको भविष्यलाई मध्यनजर गरी डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८० (संशोधन सहित) को दफा २८ ञ(१) र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८० (संशोधन सहित) को दफा २७ झ(१) थप गरी विद्यार्थीलाई कुनै आर्थिक दायित्व नपर्ने गरी सम्वन्धित शिक्षण संस्थालाई ४ गुणा शुल्क लिई सचेत गराई निज बिद्यार्थीहरुको रजिष्ट्रेशन Online Entry गरी समावेश गर्न प.नि.का.लाई निर्देशन दिने भनी परीक्षा समितिको मिति २०८०।११।०८ गते बसेको बैठकबाट निर्णय भएकाले आफ्नो प्रदेश कार्यालय अन्तर्गतका शिक्षण संस्थाहरुलाई जानकारी गराई मिति २०८०।११।३० गते भित्रमा सिफारिश गरी निजहरुलाई फाइल सहित पठाउनु हुन अनुरोध छ ।

**तपसिल :**

ञ(१) विशेष कारणवश रजिष्ट्रेशनको ITMS मा Online Entry छुटेको तर Online Entry भई प्रवेश परीक्षामा सामेल भई मंसिर १५ अगावै देखि शिक्षण संस्थामा नियमित अध्ययन गरिरहेको प्रशिक्षार्थीहरुको हकमा प्रशिक्षार्थीको नियमित हाजिरी, प्रवेश पत्र, प्रवेश परीक्षाको नतिजा, ४ गुणा शुल्क जम्मा गरेको प्रदेश कार्यालयको बिल, शिक्षण संस्थाले Entry छुटाएको मनासिव कारण उल्लेख गरी आइन्दा यस्तो त्रुटि नदोहोरिने प्रतिबद्धताको निर्णय वा पत्र र परिषद्, प्रदेश कार्यालयको सिफारिश सहित पेश गरेमा रजिष्ट्रेशन प्रक्रिया गर्न प.नि.का.लाई निर्देशन दिने ।

झ(१) विशेष कारणवश रजिष्ट्रेशनको ITMS मा Online Entry छुटेको तर Online Entry भई प्रवेश परीक्षामा सामेल भई मंसिर १५ अगावै देखि शिक्षण संस्थामा नियमित अध्ययन गरिरहेको प्रशिक्षार्थीहरुको हकमा प्रशिक्षार्थीको नियमित हाजिरी, प्रवेश पत्र, प्रवेश परीक्षाको नतिजा, ४ गुणा शुल्क जम्मा गरेको प्रदेश कार्यालयको बिल, शिक्षण संस्थाले Entry छुटाएको मनासिव कारण उल्लेख गरी आइन्दा यस्तो त्रुटि नदोहोरिने प्रतिबद्धताको निर्णय वा पत्र र परिषद्, प्रदेश कार्यालयको सिफारिश सहित पेश गरेमा रजिष्ट्रेशन प्रक्रिया गर्न प.नि.का.लाई निर्देशन दिने ।

(प्रमोदभक्त आचार्य)
परीक्षा नियन्त्रक

श्री परीक्षा
आ.का.
११।१८

बोधार्थ :

- श्री रजिष्ट्रेशन शाखा, प.नि.का
- श्री ITMS शाखा, प.नि.का